annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३२४ पृष्ठ ८ | काठमाडौं, शनिबार १६ चैत २०८१ | चैत्र कृष्णपक्ष औंशी, नेपाल संवत् ११४५ | SATURDAY, MARCH 29, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



राजावादी आन्दोलनका नाममा तीनकुनेस्थित अन्नपूर्णको कार्यालयमा शुक्रबार गरिएको तोडफोड र आगजनी। ● अन्नपूर्ण




कभर स्टोरी

# 'राजावादी'को निसानामा अन्नपूर्ण र केही मिडिया

सुरेन्द्र काफ्ले | काठमाडौं

\- को रिपोर्ट

समाचार पृष्ठ २





राजावादी आन्दोलनको नाममा कान्तिपुर टेलिभिजनको कार्यालयमा भएको तोडफोड (दायाँ)। आन्दोलनकारीको आगजनीमा परी ज्यान गुमाएका एभीन्युज टेलिभिजनका पत्रकार सुरेश रजक।

दम्भी शासकहरूले पनि प्रेसलाई सीमित नगरून् भनेर संविधानको प्रस्तावनामै लेखियो- पूर्ण प्रेस स्वतन्त्रता। अर्थात्, कसैले पनि प्रेसको स्वतन्त्रता नखोसोस्, यसलाई सीमित घेराभित्र नबाँधोस् भन्नका लागि प्रेस स्वतन्त्रताको अघि 'पूर्ण' शब्द लेखिएको हो। तर, राजावादीका नाममा शुक्रबार भएको आन्दोलनको निसाना बनाइयो- स्वतन्त्र प्रेस। प्रत्यक्ष प्रसारण गरिएका सञ्चारकर्मी चढेको घरमा आगो लगाएर ज्यान लिइयो। अन्नपूर्ण पोस्ट्को कार्यालयमा आगो लगाएर सञ्चारकर्मी र कर्मचारीको ज्यान लिने कोसिस भयो। यसबाट स्पष्ट हुन्छ- परिवर्तन विरोधीहरू प्रेस स्वतन्त्रताको विपक्षमा छन्। उनीहरू कलमका निब भाँचेर निहित स्वार्थपूर्तिमा केन्द्रित छन्।

# जनतालाई रैती बनाउने कुचेष्टा नगर्न चेतावनी

राधा खनाल | काठमाडौं

विपक्षी दल सम्बद्ध समाजवादी मोर्चाले शुक्रबार राजधानीमा गणतन्त्र र परिवर्तनका पक्षमा शान्तिपूर्ण प्रदर्शन र सभा गर्‍यो। संवैधानिक व्यवस्थाविरुद्ध धावा बोल्न थालिएको भन्दै मोर्चाले प्रदर्शन गरेको हो।

भृकुटीभण्डपमा भएको आमसभामा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनतालाई फेरि रैती बनाउने कुचेष्टा नगर्न चेतावनी दिए। राजावादीहरूले तीनकुनेमा गरेको प्रदर्शनलाई अराजकताहरूको संज्ञा दिए। प्रचण्डले तीनकुने प्रतिगामी र निरंकुशतावादीको प्रतीकजस्तो बनेको टिप्पणी गरे।

उनले घरमा आगो लगाउने र प्रहरीमाथि ढुंगा प्रहार गरेकोप्रति आपत्ति जनाए। एक/दुई जना मान्छे मारेर देशभर आतंक फैलाउन चाहेको आरोप पनि लगाए। प्रचण्डले आतंक फैलाउनु राजावादीहरूको चरित्र भएको बताए। 'कुकुरको पुच्छर १२ वर्ष ढुंग्रोमा राखे पनि बाङ्गाको बाङ्गै भनेजस्तै त्यहाँको सभा मण्डले अराजकताको पराकाष्ठा भएको छ,' प्रचण्डले भने, 'सबै प्रतिगामी, निरंकुशतावादीहरूको एउटा प्रतीकजस्तो देखिएको छ।'

'घरमा आगो लगाएका छन् मण्डलेहरूले, पुलिसमाथि ढुंगा प्रहार गरेका छन्। एकदुई जना मरून् र देशभर आतंक फैलियोस् भन्ने चाहेका छन् त्यो राजावादीहरूको चरित्र हो।' राजावादीहरूको चरित्र सम्पूर्ण जनताले देख्नेगरी प्रदर्शित भएको प्रचण्डले बताए।

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले गणतन्त्रको पक्षमा भएको परिवर्तन 'कास्टिङ' मात्र भएको बताए। उनले राजतन्त्र फर्काउन खोजे ठूलो मूल्य चुकाउनुपर्ने चेतावनी दिए। 'यो कार्यक्रम नेपालको राजनीतिमा कास्टिङमात्र हो,' नेपालले भने,' प्रतिगामीहरू होसियार। यो मुलुक वंश, परिवारको शासनतिर फर्कन सक्दैन। जनता स्वाधीन छन्। सार्वभौमसत्ता सम्पन्न भएका छन्। नेपाली जनता कसैको दास बन्न सक्दैनन्। इतिहास पछाडि जान सक्दैन। वंशको शासन ल्याउने चेष्टा कसैले गर्छ भने ठूलो मूल्य चुकाउनु पर्नेछ।'

नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्दले विदेशीको उक्साहटमा गणतन्त्रविरुद्ध षड्यन्त्र भएको बताए। शक्ति प्रदर्शन सभामा उनले सहमतिको आधारमा संविधान संशोधन गर्नुपर्ने बताए। 'नेपाली जनताले सामन्तवादी प्रवृत्ति, अधिनायकवादी हर्कतलाई पराजित गरेका छन्। जसको स्वर्ग ढल्यो, ती तत्त्वले विदेशीको उक्साहटमा गणतन्त्रविरुद्ध षड्यन्त्र भइरहेको छ।' 'नेपाली जनता गणतन्त्रसँग गौरव गर्छन्। प्रतिगामीहरूले राजतन्त्र फर्काउने कुरा गरेका छन्। हामीलाई कुनै प्रभुको खाँचो छैन। हामीलाई सामन्तवादी हैकम चलाउनेहरूको खाँचो छैन,' उनले अगाडि भने।



राजधानीको भृकुटीमण्डपमा समाजवादी मोर्चाले गरेको प्रदर्शनमा सहभागी हुन आएका नेता तथा कार्यकर्ताहरू। ● अशोक दुलाल

» बाँकी पृष्ठ ६

# आन्दोलनको नाममा अराजकताको पराकाष्ठा

दिनेश गौतम | काठमाडौं

आफैं गाडी चलाउँदै बीएबी ४२०८ नम्बरको गाडीमा प्रदर्शनस्थल तीनकुने पुगे, दुर्गा प्रसाईं। उनले प्रदर्शनकारीहरूलाई उक्साउँदै सुरक्षाकर्मीलाई गाली गर्न थाले। गाडीले पेलेर निधेषित क्षेत्र तोड्ने प्रयास गरे। त्यस क्रममा प्रहरीले रोक्न खोजे। तर, प्रसाईं भने पेलेरै अघि बढे। प्रसाईंले प्रहरीको पहिलो घेरा तोड्दै अघि बढ्दा प्रहरीले संयमता अपनाएका थिए। त्यसपछि प्रदर्शनकारी उग्र बनेका थिए। सुरक्षाकर्मीले बल प्रयोगको प्रयास गरेका थिए।

राष्ट्रिय मानव अधिकार आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलका अनुसार, झडपमा परी प्रहरी र प्रदर्शनकारी दुवैतर्फ घाइते भएका छन्। प्रदर्शनकारीले तीनकुने क्षेत्रमा सञ्चारमाध्यमका भवन, कलेजका भवन तथा व्यक्तिगत घरमा आगजनी र आक्रमण गर्नुका साथै आगो निभाउन हिँडेको दमकल तथा सशस्त्र प्रहरीको गाडीमा समेत ढुंगा प्रहार गरेका छन्।

प्रदर्शनमा राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, कमल थापा, ज्ञानेन्द्र शाहीलगायत नेता भने देखै परेनन्। पूर्वडीआईजी केशव अधिकारीका अनुसार, प्रसाईंको विवादित पृष्ठभूमिको सबैले हेक्का गर्नुपर्ने बताउँछन्। 'कमान्डरले घोषणा गर्नुअघि नै आन्दोलनको बारेमा विस्तृत विश्लेषण गर्नुपर्ने हुन्छ। कुन तहका कार्यकर्तालाई सहभागी गराउने र कस्तो रणनीति अपनाउने र आन्दोलनको क्रममा अप्रिय घटना हुन सक्ने तर्फ पनि ख्याल गर्नुपर्ने हुन्छ,' अधिकारी भन्छन्, 'जुन व्यक्ति (दुर्गा प्रसाईं)लाई फिल्ड कमान्डको नेतृत्व सुम्पिने काम भयो। त्यो नै उपयुक्त व्यक्ति होइन।' फिल्ड कमान्ड प्रसाईंलाई दिनेबित्तिकै राजावादी दल राप्रपाभित्र असन्तुष्टि थियो। त्यसकारण पनि राप्रपा अध्यक्ष लिङ्देनलगायतका नेताहरूले प्रदर्शनमा अनुपस्थित रहे।

नवराज सुवेदीको नेतृत्वमा बनेको संयुक्त जनआन्दोलन समितिले प्रसाईंलाई राजावादी आन्दोलनको कमान्डर बनाएको हो। बिहीबार दिउँसो आयोजित प्रेस मिटमा सुवेदीले राप्रपाका महामन्त्री डा. धवलशमशेर राणाको नेतृत्वमा १ हजार १ सय ११ सदस्यीय जनआन्दोलन परिचालन समिति गठन गरिएको जानकारी दिएका थिए। प्रेस मिट गर्नुअघि सुवेदी र प्रसाईंले पूर्वराजा ज्ञानेन्द्र शाहलाई निर्मल निवासमा भेट गरेका थिए। पूर्वडीआईजी अधिकारी भन्छन्, 'प्रदर्शनस्थलमा पुगेर प्रसाईंले गाडीभित्र चढेर हात हल्लाउँदै फिल्मी शैली शो गरे। प्रहरीसामु जुन ढंगले प्रसाईंले गाडी हुइँक्याए त्यो उत्तेजित गर्ने खालको थियो। तर पनि प्रहरीले संयमता अपनाए।

» बाँकी पृष्ठ ६



सरकारले लोकतान्त्रिक, गणतान्त्रिक शासन व्यवस्थाको रक्षा गर्दै नागरिकलाई आफ्ना स्वतन्त्रताको निर्बाध रूपमा उपभोग गर्ने वातावरण कायम गर्नुपर्छ।

**नीलाम्बर आचार्य**
पूर्वकानुनमन्त्री



शान्तिपूर्ण माग र प्रदर्शन गर्न पाइन्छ। तर, लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाविरुद्धका कुनै पनि कार्य सैह्य हुँदैन।

**गोपालकृष्ण घिमिरे**
अध्यक्ष, नेपाल बार एसोसिएसन



विद्यमान संविधान तथा संरचनाहरू भत्काउनु जति सजिलो छ, पुनर्निर्माण त्यति नै गाह्रो छ। आन्दोलन गर्ने गराउनेले राष्ट्रिय जिम्मेवारी बोध गर्ने बेला हो यो।

**डा. विपिन अधिकारी**
संविधानविद्